नेपाली • NEPALI

# न्यूयोर्क राज्यको समुदाय टुलकिट

आप्रवासी न्यूयोर्कवासीहरूको लागि संसाधन निर्देशिका

सेप्टेम्बर/अक्टोबर 2022



**New York Immigration Coalition**

nyic.org

न्यूयोर्क इमिग्रेशन कोलिसनले यो टुलकिट समुदायका सदस्यहरू र हाम्रा साझेदार तथा उनीहरूसँग काम गर्ने सहयोगीको लागि संसाधन उपलब्ध गराउन विकास गरेको छ। यो टुलकिट नियमित रूपमा परिवर्तन हुने कानून र नीतिहरूमा आधारित हुन्छ।

पछिल्लो पटक अद्यावधिक गरिएको जानकारी : 10.12.2022

## विषयवस्तुहरू


- स्वास्थ्य **3**
- अध्यागमन **4**
- शिक्षा **7**
- प्रजातन्त्र **9**
- अर्थव्यवस्था **10**
- आफ्ना अधिकारहरू थाहा पाउनुहोस् **11**
- घृणा अपराधहरू **12**
- NYS संसाधनहरू **13**

# स्वास्थ्य



### COVID-19 को अपडेटहरू

- अपडेट गरिएको (बाइभ्यालेन्ट) COVID-19 भ्याक्सिनको बुस्टरहरू अब उपलब्ध छन्। नयाँ बुस्टरहरूले हालै फैलिएको ओमिक्रोन भेरियन्टहरू र मूल भाइरसको स्ट्रेनबाट जोगाउने भएकोले तिनीहरूलाई "बाइभ्यालेन्ट" भनिन्छ।
    - 5 वर्ष वा माथिका न्यूयोर्कवासीहरू उनीहरूको अघिल्लो बुस्टर वा प्राथमिक खोप श्रृंखलाको कम्तीमा दुई महिना पछि बाइभ्यालेन्ट बुस्टरहरूका लागि योग्य हुन्छन्।
    - थप जानकारीको लागि, ny.gov/booster मा जानुहोस्
- जुन 18, 2022 देखि, 6 महिना र माथिका बच्चाहरू Moderna र Pfizer COVID-19 खोपहरूका लागि योग्य छन्।
    - बच्चाहरूको लागि खोपहरूको बारेमा थप जानकारी र बारम्बार सोधिने प्रश्नहरूको लागि, ny.gov/VaxforKids मा जानुहोस्।
- यदि तपाईं COVID-19 को जाँचमा पोजिटिभ देखिनु भएमा, गम्भीर रोगलाई रोक्न सहयोग गर्ने उपचारहरू उपलब्ध छन्।
    - तपाईं बिरामी भएको जतिसक्दो चाँडो उपचारहरू प्राप्त गरेमा त्यसले राम्रो काम गर्छ, त्यसैले तुरुन्तै जाँच गराउन र आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्न जरुरी छ।
    - थप जानकारीको लागि, ny.gov/covidtreatment मा जानुहोस्

### घरमै नि:शुल्क COVID-19 टेस्टहरू पाउनुहोस्

- यदि तपाईंसँग स्वास्थ्य योजना (रोजगारदाता वा मार्केटप्लेस, वा मेडिकेड, मेडिकेयर, वा चिप जस्ता सार्वजनिक कार्यक्रमहरू) भएमा, तपाईंले प्रति महिना 8 वटा नि:शुल्क परीक्षण किटहरू प्राप्त गर्न सक्नुहुन्छ।
- तपाईंले तपाईंको स्वास्थ्य योजनाले "नेटवर्क भित्र" तोकेको फार्मेसी वा स्टोर प्रयोग गर्न सक्नुहुन्छ जहाँ तपाईंलाई $0 शुल्क लगाइनेछ, वा दाबी पेश गरेर प्रतिपूर्ति प्राप्त गरिनेछ।
    - थप जानकारीको लागि, cms.gov/how-to-get-your-at-home-OTC-COVID-19-test-for-free मा जानुहोस्
- सेप्टेम्बर 2 मा COVIDtests.gov बाट अर्डर गर्न निलम्बन गरिएको थियो किनभने कंग्रेसले कार्यक्रमको लागि थप रकम उपलब्ध गराएको थिएन।

### आजै खोप लगाउनुहोस्

- न्यूयोर्क राज्यमा COVID-19 खोपहरू व्यापक रूपमा उपलब्ध छन्। 6 महिना वा माथिका सबैजनाले खोप लगाउनुपर्छ र योग्य भएमा आफ्नो बुस्टर डोज लगाउनुपर्छ: ny.gov/vaccine
- इमिग्रेशन वा बीमा कभरेजको स्थिति जेसुकै भए तापनि, COVID-19 को खोपहरू नि:शुल्क छन्।
- खोपहरू फार्मेसीहरू, स्थानीय स्वास्थ्य विभागहरू, क्लिनिकहरू, संघीय योग्यता प्राप्त स्वास्थ्य केन्द्रहरू, र न्यूयोर्क राज्य भरिका अन्य स्थानहरूमा व्यापक रूपमा उपलब्ध छन्।
    - Vaccines.gov मा जानुहोस्, आफ्नो जिप कोड 438829 मा टेक्स्ट गर्नुहोस्, वा 1-800-232-0233 (TTY 888-720-7489) मा फोन गर्नुहोस्।
    - धेरै स्थानीय स्वास्थ्य विभागहरूले बिना अपोइन्टमेन्टका खोप क्लिनिकहरू वा घरमै खोपको प्रस्ताव गरिरहेका छन्। nysacho.org/directory मा तपाईंको स्थानीय स्वास्थ्य विभागको सम्पर्क जानकारी पाउनुहोस्।

### मंकीपक्स (Monkeypox)

- न्यूयोर्क, संयुक्त राज्य र विश्वभरिका स्वास्थ्य अधिकारीहरूले न्युयोर्क राज्य सहित सामान्यतया मंकीपक्स (Monkeypox) संक्रमणहरूको रिपोर्ट नगर्ने क्षेत्रहरूमा मंकीपक्सका घटनाहरूको निगरानी गरिरहेका छन्।
- मंकीपक्स सामान्यतया गम्भीर रोग ननिम्त्याउने एक दुर्लभ, भाइरल संक्रमण हो। तरपनि, यसको कारणले पीडादायी लक्षणहरू हुने, अस्पतालमा भर्ना गर्नुपर्ने वा मृत्यु हुन सक्छ।
- न्यूयोर्कवासीहरू चिन्तित हुनु नपरे पनि, सबैजना मंकीपक्सको बारेमा जानकार हुनुपर्छ। यसको अर्थ लक्षणहरू, यो कसरी फैलिन्छ, र यदि तपाईं एक्सपोज हुनुभएमा के गर्ने भन्ने बुझ्नु हो।
- थप जानकारी र अपडेटहरूको लागि, health.ny.gov/monkeypox मा जानुहोस्।
- nyc.gov/monkeypox मा विभिन्न भाषाहरूमा रोकथामका स्रोतहरू छन्।
- मन्कीपक्सको सम्पर्कमा आएका वा संसर्गको उच्च जोखिममा रहेका न्यूयोर्कवासीहरू JYNNEOS खोपको लागि योग्य छन्।
    - खोप लगाएमा यसले तपाईंलाई मन्कीपक्स संक्रमण हुने सम्भावनालाई कम गर्न सक्छ, र यदि तपाईंले यो लगाउनुभएमा यसले लक्षणहरूको गम्भीरतालाई कम गर्न सक्छ।
    - खोप नि:शुल्क छ र अध्यागमन वा बसोबासको स्थिति जेसुकै भए तापनि उपलब्ध छ।

# आप्रवास 1/3

**USCIS ले नवीकरणको लागि ग्रीन कार्डको वैधता 24 महिनासम्म विस्तार गरेको छ**

- सेप्टेम्बर 26, 2022 देखि लागू हुने गरि, USCIS ले म्याद सकिन लागेको वा म्याद सकिएको ग्रीन कार्ड नवीकरण गर्नको लागि I-90 फारम फाइल गर्ने वैध स्थायी बासिन्दाहरूको लागि स्थायी बासिन्दा कार्डहरू (ग्रीन कार्डहरू) को वैधता स्वत: 24 महिनासम्म बढाउनेछ।
- USCIS ले I-90 फारम प्राप्तिको सूचनाहरू (पहिले 12-महिनाको विस्तार प्रदान गरेको) मा भाषा अद्यावधिक गरेको छ, र I-90 फारम विचाराधीन भएका व्यक्तिहरूको लागि संशोधित रसिद सूचनाहरू छाप्न थालेको छ।
- यी प्राप्तिका सूचनाहरू रोजगारदाता र अन्तर्राष्ट्रिय यात्राको लागि निरन्तर स्थितिको प्रमाणको रूपमा म्याद सकिएको ग्रीन कार्डको साथमा प्रस्तुत गर्न सकिन्छ।



**शरणार्थी भर्ना क्याप कायम राखिएको छ**

- बाइडेन प्रशासनले आर्थिक वर्ष 2023 को लागि शरणार्थी भर्नाको संख्या 125,000 मा कायम राख्ने कुरा सेप्टेम्बर 27, 2022 मा घोषणा गरेको छ।
- विदेशी शरणार्थी प्रशोधन र अमेरिकी पुनर्वास स्रोतहरूमा कटौतीको कारण, यो संख्यामा पुग्न असम्भव जस्तो छ । आर्थिक वर्ष 2022 मा अमेरिकाले 25,465 जना मात्र शरणार्थीहरू लिएको थियो।

**हालको आगमनहरूको लागि जानकारी : ICE र ISAP चेक-इनहरू र ठेगाना परिवर्तनका फारमहरू**

- अमेरिकी सरकार भित्र विभिन्न फरक अध्यागमन एजेन्सीहरू छन्। अध्यागमन र भन्सार प्रवर्तन (Immigration and Customs Enforcement, ICE) अध्यागमन कानून लागू गर्ने एजेन्सी हो, र निश्चित आप्रवासीहरूको निगरानी गर्ने ICE को कार्यक्रमको नाम गहन सुपरिवेक्षण उपस्थिति कार्यक्रम (Intensive Supervision Appearance Program, ISAP) हो।
- केही मानिसहरूले उनीहरूको केसको अंशको रूपमा ICE वा ISAP मार्फत नियमित रूपमा चेक इन गर्नुपर्छ। यदि तपाईं सीमा पार गरेर संयुक्त राज्यमा प्रवेश गर्नुभयो र तपाईंलाई हिरासतमा लिइयो, वा यदि तपाईंलाई देशमा प्रवेश गरेको केहि समय पछि हिरासतमा लिइएमा, तपाईंलाई ICE वा ISAP चेक-इन हुन सक्छ।
- चेक-इन प्रक्रियाको बारेमा थप जानकारीको लागि, निम्नमा जानुहोस् :
  - help.asylumadvocacy.org/faqs-ice-isap (अंग्रेजी)
  - apoyodeasilo.org/preguntas-frecuentes-ice-isap (स्पेनिश)
- यदि अध्यागमन अदालतमा तपाईंको मुद्दा भएमा, तपाईंले आफ्नो ठेगाना ICE र अदालतमा अध्यावधिक राख्नुपर्छ।
- अध्यागमन अदालतमा आफ्नो ठेगाना परिवर्तन गर्नको लागि, तपाईंले, स्थानीय अध्यागमन अदालतमा छ र अनलाइन just.gov/eoir/formslist.htm मा उपलब्ध EOIR-33/IC फारम फाइल गर्नुपर्छ। तपाईंले नयाँ ठेगानामा सरेको 5 दिन भित्र यो गर्नुपर्छ।
  - थप जानकारीको लागि, निम्नमा हेर्नुहोस् :
    - ice.gov/doclib/detention/checkin/changeAddress-en.pdf (अंग्रेजी)
    - ice.gov/doclib/detention/checkin/changeAddress-es.pdf (स्पेनिश)
- यदि अमेरिकी नागरिकता र अध्यागमन सेवा (US Citizenship and Immigration Services, USCIS) मा तपाईंको मुद्दा भएमा, तपाईंले समयमै पत्राचार र लाभहरू प्राप्त गर्न र तपाईंको मुद्दामा ढिलाइबाट बच्नको लागि USCIS मा तपाईंको ठेगाना अध्यावधिक गर्नुपर्छ। थप जानकारीको लागि, uscis.gov/addresschange मा जानुहोस्।

# आप्रवास 2/3

**बाल्यकाल आगमनका लागि स्थगित कार्य (Deferred Action for Childhood Arrivals, DACA)**

- अक्टोबर 5, 2022 मा, लुइसियानाको संघीय पुनरावेदन अदालतले DACA हाल लागू गरिएको कानून सम्मत कार्यक्रम होइन भनेर निर्णय गर्यो। पुनरावेदन अदालतले अक्टोबर 31, 2022 मा प्रभावकारी हुने गरि निर्धारण गरिएको बाइडेन प्रशासनको नयाँ 2022 DACA नियमावली मनन् गर्नको लागि टेक्सास जिल्ला अदालतमा मुद्दा फिर्ता पठाएको छ।
- मुद्दा चलिरहेको छ, त्यसैले कार्यक्रममा थप परिवर्तन हुने सम्भावना छ।
- यसै बीचमा, DHS ले DACA नवीकरणका अनुरोधहरू (कार्य अनुमति र अग्रिम प्यारोलको लागि अनुरोधहरू सहित) स्वीकार गर्ने र प्रक्रिया जारी राख्नेछ। DHS ले प्रारम्भिक DACA अनुरोधहरू स्वीकार गर्नेछ तर प्रशोधन गर्ने छैन।
  - यदि तपाईंसँग अहिले DACA भएमा, तपाईंको स्थिति अझै पनि मान्य छ।
  - यदि तपाईंको DACA चाँडै समाप्त हुँदैछ भने, अहिल्यै नवीकरण गर्नुहोस्!
  - यदि तपाईंले USCIS लाई पहिलो पटक प्रारम्भिक DACA आवेदन पेस गर्नुभएको थियो र अहिलेसम्म प्रदान नगरिएको भएमा, त्यो आवेदन रोकिएको छ। यसलाई अर्को सूचना नभएसम्म प्रशोधन गरिने छैन।
- पहिले बाल्यकालमा आगमनहरूको लागि स्थगित कार्य (Deferred Action for Childhood Arrivals, DACA) प्राप्त गरेका व्यक्तिहरूले अब I-821D (DACA नवीकरण आवेदन) र I-765 (वर्क परमिट नवीकरण आवेदन) फारमहरू अनलाइनमा भर्न सक्छन्।
  - यो क्षमता हाल DACA भएका वा वर्षभन्दा कम समय अघि DACA को म्याद समाप्त भएकाहरूको लागि हो।
  - DACA लाई कसरी अनलाइनमा नवीकरण गर्ने भन्ने बारेमा थप जानकारी: uscis.gov/humanitarian/renew-your-daca



**अस्थायी संरक्षित स्थिति (TPS) र स्थगित लागू प्रस्थान (DED)**

- यदि सशस्त्र द्वन्द्व वा प्राकृतिक विपद जस्ता निश्चित परिस्थितिहरूले विदेशी नागरिकहरूलाई सुरक्षित रूपमा फर्कनबाट रोकेमा अमेरिकी सरकारले त्यो देशको लागि TPS तोक्न सक्छ।
- तोकिएको अवधिमा, TPS को लागि आवेदन दिने र प्रदान गरिने मानिसहरू:
  - निर्वासनबाट सुरक्षित हुन्छन्
  - कार्य अनुमति र सामाजिक सुरक्षा नम्बर प्राप्त गर्न सक्छन्
  - यात्राको स्वीकृति प्रदान गर्न सकिनेछ
  - अध्यागमन स्थितिको कारण DHS द्वारा हिरासतमा राख्न सकिने छैन
- TPS एक अस्थायी लाभ हो जसले स्थायी स्थितितर्फ नेतृत्व गर्दैन। यद्यपि, TPS धारकहरूले तिनीहरू योग्य भएका अन्य कुनै पनि अध्यागमन लाभ वा गैर-आप्रवासी स्थितिको लागि आवेदन दिन सक्छन्।
- हाल TPS का लागि तोकिएका देशहरू:
  - अफगानिस्तान,बर्मा(म्यानमार),क्यामरुन,एल,साल्भाडोर,हाइटी,होन्डुरस,नेपाल,निकारागुआ,सोमालिया,सुडान,दक्षिणी सुडान, सिरिया, युक्रेन, भेनेजुएला, यमन
- निश्चित देशको जानकारी, योग्यताको लागि आवश्यकताहरू, दर्ता अवधि, र नवीनतम अद्यावधिकहरूको लागि, uscis.gov/TPS मा हेर्नुहोस्।
- सबै TPS आवेदकहरूले अब फारम I-821, अस्थायी संरक्षित स्थितिको लागि आवेदन, uscis.gov/i-821 मा अनलाइन फाइल गर्न सक्छन्।
- जुलाई 1, 2022 अनुसार, USCIS ले पहिले बहिष्कृत गरिएका निश्चित TPS धारकहरूलाई स्थायी स्थितिमा समायोजन गर्न र ग्रीन कार्ड प्राप्त गर्न योग्यता प्रदान गरेको छ। USCIS ले अब कानून सम्मत "निरीक्षण गरिएको र स्वीकार गरिएको" भनेर वैधानिक रूपमा विदेशबाट फर्किएका TPS धारकहरूलाई स्थिति समायोजन गर्नको लागि मुख्य योग्यताको आवश्यकताहरू पूरा गर्ने भनेर व्याख्या गर्दछ। USCIS ले TPS धारकहरूको लागि यात्रा स्वीकृत गर्न नयाँ प्रक्रिया र फारम पनि स्थापना गरेको छ।
- जुन 27, 2022 मा, बाइडेन प्रशासनले अमेरिकामा बसोबास गर्ने लाइबेरियनहरूको लागि जुन 30, 2024 सम्म DED थप र विस्तार गरेको छ।
  - DED को बारेमा थप जानकारीको लागि, uscis.gov/humanitarian/deferred-enforced-departure मा जानुहोस्।

# आप्रवास 3/3



**धेरै आप्रवासीहरूको लागि वर्क परमिट स्वचालित रूपमा 540 दिन विस्तार हुनेछ**

- मे 4, 2022 देखि शुरु हुने गरि, USCIS ले धेरै आप्रवासीहरू आफ्नो नवीकरणको प्रक्रियाको लागि पर्खिरहँदा उनीहरूका लागि वर्क परमिटको वैधता स्वतः रुपमा 540 दिनसम्म विस्तार गर्नेछ।
- यो परिवर्तनले शरन खोज्नेहरू लगायत हजारौं आप्रवासीहरूलाई उनीहरूको नवीकरण आवेदनहरू USCIS को ब्याकलगमा अड्किरहँदा कामको अधिकार गुमाउनबाट जोगाउनेछ।
- स्रोत नयाँ नीतिको व्याख्या गर्ने शरण खोज्ने वकालत परियोजना (Asylum Seeker Advocacy Project, ASAP) :
  - अंग्रेजी: help.asylumadvocacy.org/work-permits-extended-540-days
  - स्पेनिश: apoyodeasilo.org/permisos-de-trabajo-extendidos-540-dias
- थप जानकारी र स्वत: विस्तार प्राप्त गर्ने वर्क परमिट वर्गहरूको पूर्ण सूचीको लागि, uscis.gov/eadautoextend मा जानुहोस्।

**युक्रेनको लागि एकजुट (Uniting for Ukraine)**

- अप्रिल 21, 2022 मा, राष्ट्रपति बाइडेनले रुसको आक्रमणबाट भागेका युक्रेनीहरूलाई स्वागत गर्ने कार्यक्रमको घोषणा गर्नुभयो। युक्रेनका लागि एकजुट (Uniting for Ukraine) ले अमेरिका (U.S.) बाहिर रहेका युक्रेनी नागरिकहरू र तिनीहरूका नजिकका परिवारका सदस्यहरूलाई, अमेरिकामा आउन र दुई वर्षको प्यारोल अवधिमा अस्थायी रूपमा बस्नको लागि मार्ग प्रदान गर्दछ।
- युक्रेनका लागि युनाइटिङमा सहभागी युक्रेनीहरूको अमेरिकामा एक समर्थक हुनुपर्छ जसले उनीहरूलाई उनीहरूको बसाइको अवधिको लागि आर्थिक सहयोग उपलब्ध गराउन सहमत हुन्छ।
- कार्यक्रम र आवेदन प्रक्रियाको बारेमा थप जानकारीको लागि, DHS को वेबपेज dhs.gov/ukraine हेर्नुहोस्

**अफगानी शरणार्थी र परोलमा छुट्नेहरूको लागि संसाधनहरू**

- शरण आवेदनहरूको लागि 1-वर्ष फाइल गर्ने म्याद भएको असाधारण परिस्थितिहरूको अपवादमा बाहेक यदि अफगानी प्यारोलहरू उनीहरूको प्यारोल मान्य रहिरहँदा शरणको लागि फाइल गरेमा उनीहरू त्यसका लागि योग्य हुन सक्छन्। थप जानकारीको लागि, uscis.gov/humanitarian/information-for-afghan-nationals हेर्नुहोस्।
- जुलाई 20, 2022 देखि शुरु हुने गरि, राज्य विभाग र USCIS ले अफगानी SIV आवेदन प्रक्रियामा दुईवटा चरणहरू : : मिसन प्रमुख (COM) को स्वीकृति, र SIV याचिकालाई जोडेको छ । थप जानकारीको लागि, travel.state.gov/content/travel/en/us-visas/immigrate/special-immg-visa-afghans-employed-us-gov.html मा जानुहोस्।
- संघीय सरकारको स्रोतहरू:
  - अफगानहरूका लागि USCIS को सार्वजनिक निर्देशन: uscis.gov/humanitarian/information-for-afghans
  - अङ्ग्रेजी, दारी र पश्तोमा "अफगान विशेष आप्रवासी भिसा धारकहरू र परोलीहरूसँग सम्बन्धित रोजगारको जानकारी": justice.gov/crt/worker-information
  - शरणार्थी पुनर्वास कार्यालयद्वारा संकलन गरिएको संघीय सरकार भरि अफगान सहयोगका स्रोतहरू: acf.hhs.gov/orr/programs/refugees/afghan-assistance-resources
- पुनर्वास संसाधनहरू :
  - न्यूयोर्क राज्य – I-ARC को अफगान पुनर्वास परियोजना : immigrantarc.org/afghanistan
  - न्यूयोर्क शहर – दारी र पश्तोमा उपलब्ध शहरी सेवाहरूको रोडम्याप सहित : nyc.gov/afghanistanresources
  - पश्चिमी न्यूयोर्क – अफगानी निकास भएकाहरूको लागि बफेलो संयुक्त : wnyrac.org
  - अल्बानी / राजधानी क्षेत्र – संसाधन सूची : bit.ly/3kvWRZd
  - इथाका / फिङ्गर लेक्स क्षेत्र – कोर्नेल अफगानिस्तान संसाधन सूची : bit.ly/3CwfFxy
- अफगानिस्तानबाट निकासीको आवश्यकता भएका मानिसहरूको पहिचानको लागि मानव अधिकार पहिलो डाटा सङ्कलन फारम: humanrightsfirst.org/afghan-evacuation

# शिक्षा 1/2

### विद्यालय वर्ष 2022-23

- NYSED र रिजेन्ट्सको बोर्डले जुन 2020, अगस्त 2020, जनवरी 2021, जुन 2021, अगस्ट 2021 र जनवरी 2022 मा रीजेन्ट्स परीक्षाहरूमा COVID-19 छुटहरू स्वीकृत गरेको छ। यदि कुनै विद्यार्थीले COVID-19 जाँचको छुट प्राप्त गरेमा, उनीहरूले उत्तीर्ण हुनको लागि त्यो जाँचमा सहभागी / पुन: सहभागी हुनु पर्दैन। अहिले, जुन 2022 वा अगस्त 2022 जाँचहरूको लागि कुनै पनि COVID-19 छुटहरू स्वीकृत गरिएको छैन।
    - COVID-19 छुटहरूको बारेमा थप विवरणहरूको लागि, बच्चाहरूको लागि अधिवक्ताहरू "COVID-19 को कारण उत्तीर्णका आवश्यकताहरूमा परिवर्तनहरूको सारांश" हेर्नुहोस्।
    - विद्यार्थीहरूको रिजेन्ट्स जाँचका अधिकारहरूको बारेमा थप विवरणहरूको लागि, बच्चाहरूको लागि अधिवक्ताहरू "रिजेन्ट्स जाँचका अधिकारहरू" हेर्नुहोस्।
    - advocatesforchildren.org/get_help/guides_and_resources/transition मा जानकारी धेरै भाषाहरूमा उपलब्ध छ

### अंग्रेजी सिक्ने विद्यार्थीहरूको परिवारको लागि संसाधनहरू

- अंग्रेजी भाषाका शिक्षार्थीहरू (ELLs) लाई राम्रोसँग सेवा दिइरहेको सुनिश्चित गर्नको लागि सूचित भइरहनु महत्वपूर्ण छ। न्यूयोर्क राज्य शिक्षा विभागले अंग्रेजी भाषा शिक्षार्थीका अभिभावकहरूको अधिकारको मस्यौदा बनाएको छ जसले ELLs र उनीहरूका अभिभावकहरूको लागि शैक्षिक पहुँच र प्रोग्रामिंगको बारेमा महत्वपूर्ण अधिकारको सारांश प्रस्तुत गर्छ: bit.ly/3EJd0Td
    - जानकारी अरबी, बंगाली, चिनियाँ (सरलीकृत), चिनियाँ (परम्परागत), अंग्रेजी, फ्रेन्च, हैतीयन क्रियोल, करेन, नेपाली, रूसी, स्पेनिश, यूक्रेनी, र उर्दूमा उपलब्ध छ।
    - यदि तपाईंसँग प्रश्न वा चिन्ताहरू भएमा तपाईं ELL अभिभावक हटलाइनलाई 800-469-8224 मा फोन गर्न सक्नुहुन्छ।

### एक-पटकको विद्यार्थी ऋण कर्जा राहत

- 24 अगस्त, 2022 मा, बाइडेन-ह्यारिस प्रशासनले कम र मध्यम आय भएका परिवारहरूलाई लक्षित गरि एक पटकको विद्यार्थी ऋण कर्जा राहत समावेश भएको विद्यार्थी ऋण राहत योजना घोषणा गएको छ।
- अमेरिकी शिक्षा विभाग (ED) ले पेल अनुदान प्राप्तकर्ताहरूलाई ED द्वारा संचालित $20,000 सम्मको ऋण राहतको साथमा र गैर-पेल अनुदान प्राप्तकर्ताहरूलाई $10,000 सम्मको ऋण राहत प्रदान गर्नेछ।
- यदि उधारकर्ताहरूको व्यक्तिगत आम्दानी $125,000 वा परिवारहरूको लागि $250,000 भन्दा कम छ भने उनीहरू यो राहतको लागि योग्य छन्।
- कार्यक्रम र studentaid.gov/debtrelief मा अब के हुन्छ बारेमा विवरणहरू प्राप्त गर्नुहोस्
- आवेदनहरू अझै खुला भएको छैन। यदि तपाईं सूचित हुन चाहनुहुन्छ भने, इमेल अद्यावधिकहरूको लागि ed.gov/subscriptions मा साइन अप गर्नुहोस्



### संघीय विद्यार्थी ऋण माफी

- यदि तपाईं सार्वजनिक वा गैर-नाफामूलक क्षेत्रमा काम गर्नुहुन्छ भने, तपाईं संघीय विद्यार्थी ऋण माफीको लागि योग्य हुन सक्नुहुन्छ।
- अमेरिकी शिक्षा विभागको COVID-आकस्मिक कार्यक्रमको कारणले, धेरै सरकारी वा गैर-नाफामूलक कामदारहरूको संघीय विद्यार्थी ऋणहरू माफ गरिंदैछ। यो एउटा महत्त्वपूर्ण र तत्काल अवसर हो—कार्यक्रमको म्याद अक्टोबर 31, 2022 मा समाप्त हुनेछ।
- सरकारी वा गैर-नाफामूलक संस्थाहरूमा काम गर्ने 250,000 जना न्यूयोर्कवासीहरू अब योग्य छन्, र 5,000 जना न्यूयोर्कवासीहरूलाई पहिले नै औसत $63,935 को माफी दिइसकिएको छ।
- तपाईं योग्य हुनुहुन्छ कि हुनुहुन्न भनेर हेर्नको लागि, अमेरिकी शिक्षा विभाग (US Department of Education) को वेबसाइटमा सहयोग तुल (Help Tool) को प्रयोग गर्नुहोस्: StudentAid.gov/PSLF
- PSLF.nyc अभियानसँग उधार लिनेहरू र रोजगारदाताहरूको लागि हप्ताको दुई पटक वेबिनारहरू सहित न्यूयोर्कवासीहरूलाई कार्यक्रममा पहुँच गर्न सहयोग गर्नको लागि थप स्रोतहरू छन्।

# शिक्षा 2/2

**कागजातविहीन विद्यार्थीहरूको लागि कलेजमा पहुँचको संसाधनहरू**

- कागजात नभएका हाई स्कूल र कलेजका विद्यार्थीहरूलाई उनीहरूको भविष्यको बारेमा सूचित निर्णय गर्नको लागि, र DACA भएका र नभएका दुबैलाई आफ्नो लागि वकालत गर्नको लागि आवश्यक उपकरणहरू प्राप्त गर्नको लागि सूचित आप्रवासीको नयाँ गाइडले संसाधन र जानकारी प्रदान गर्दछ: informedimmigrant.com/guides/students
- बेस्ट कलेजस् ले हालै DACA र कागजात नभएको विद्यार्थीहरूको लागि हालको सबैभन्दा ताजा अपडेटको आधारमा कलेज गाइड प्रकाशन गरेको छ : bestcolleges.com/resources/undocumented-students/college-guide

**पार्ट-टाइम विद्यार्थीहरूको लागि आर्थिक सहयोग**

- पार्ट-टाइमको रूपमा SUNY, CUNY, वा गैर-नाफामुलक् कलेजमा जाने विद्यार्थीहरूको लागि ट्युशन सहयोग कार्यक्रम (TAP) उपलब्ध छ।
  - योग्य हुनको लागि, तपाईं 2006-07 शैक्षिक वर्ष वा पछिको पहिलो पटकको नयाँ विद्यार्थी हुनुपर्ने, लगातार दुईवटा सेमेस्टरहरूमा 12 वटा वा बढी क्रेडिट पाएको, र औसत रूपमा "C" कायम राखेको हुनु पर्नेछ।
  - थप जानकारीको लागि, hesc.ny.gov/pay-for-college/apply-for-financial-aid/nys-tap/part-time-tap मा जानुहोस्
- पार्ट-टाइम TAP पार्ट-टाइम अध्ययनको लागि सहयोग जस्तो होइन।
  - पार्ट-टाइम अध्ययनको लागि सहयोग (Aid for Part-time Study, APTS) कार्यक्रमले स्वीकृत स्नातक अध्ययनमा भर्ना भएका योग्य पार्ट-टाइम विद्यार्थीहरूलाई अनुदान सहयोग प्रदान गर्छ।
  - थप जानकारीको लागि, hesc.ny.gov/pay-for-college/financial-aid/types-of-financial-aid/nys-grants-scholarships-awards/aid-for-part-time-study मा जानुहोस्

**कलेज वित्तीय सहायता र NYS DREAM ऐन्**

- कलेजको लागि पैसा चाहिन्छ ? तपाईंको पहिलो चरण संघीय विद्यार्थी सहायता (FAFSA) को लागि संघीय सरकारको नि:शुल्क आवेदन भर्नु हो । अब शुरु गर्ने समय हो : केही संघीय र राज्य पैसा पहिले आउनेलाई पहिलो सेवामा हुन्छ। studentaid.gov/FAFSA मा आवेदन दिनुहोस्।
- न्यूयोर्क शहरका हाई स्कूलका विद्यार्थीहरू र परिवारहरूका प्राय: बारम्बार प्रश्नहरूको जवाफ दिने नयाँ वेबसाइट UnderstandingFAFSA.org मा सहयोग प्राप्त गर्नुहोस् । हाई स्कूलका विद्यार्थीहरूको लागि नि:शुल्क FAFSA गाइड दशवटा भाषाहरूमा उपलब्ध छन्।
- सिनेटर जोसे पेराल्टा न्यूयोर्क राज्य ड्रीम कानूनले दस्तावेज नगरिएका र अन्य विद्यार्थीहरूलाई उनीहरूको उच्च शिक्षाका खर्चहरूलाई सहयोग गर्ने NYS द्वारा प्रशासित अनुदान र छात्रवृत्तिमा पहुँच प्रदान गर्छ।
  - थप जानकारीको लागि वा निवेदन दिनको लागि hesc.ny.gov/dream मा जानुहोस्



# प्रजातन्त्र

**हाम्रो निर्वाचन प्रणाली र तिनीहरूले कसरी काम गर्छन् भन्ने बारेमा थप जान्नको लागि, हाम्रो भिडियोहरू हेर्नुहोस्:**

- **अंग्रेजी : youtu.be/-F-xuJ04NpI**
- **स्पेनिश : youtu.be/kkaEnGIk-pY**

**आम निर्वाचन: नोभेम्बर 8, 2022**

- यो आम निर्वाचनमा मतदान गर्न दर्ता गर्ने अन्तिम मिति अक्टोबर 14, 2022 हो।
  - तपाईं मतदान गर्नको लागि दर्ता हुनुभएको छ कि छैन भन्ने निश्चित छैन? voterlookup.elections.ny.gov मा आफ्नो मतदाता दर्ता स्थिति जाँच गर्नुहोस्
- यदि तपाईं व्यक्तिगत रूपमा मतदान गर्न असमर्थ हुनुहुन्छ, वा स्वास्थ्य वा सुरक्षाका चिन्ताहरू भएमा तपाईंले अनुपस्थित मतपत्र (मेल मार्फत मतदान) को अनुरोध गर्न सक्नुहुन्छ।
  - अनलाइन, पत्र मार्फत, फोन, वा फ्याक्स द्वारा : तपाईंको अनुरोध अक्टोबर 24 सम्म प्राप्त भइसक्नु पर्नेछ।
    - absenteeballot.elections.ny.gov मा अनलाइन मतपत्र अनुरोध गर्नुहोस्
  - व्यक्तिगत रूपमा : तपाईंले मतपत्र अनुरोध गर्नको लागि आफ्नो काउन्टीको निर्वाचन बोर्डको कार्यालयमा नोभेम्बर 7 सम्म जान सक्नुहुन्छ।
    - www.elections.ny.gov/CountyBoards.html मा आफ्नो काउन्टीको चुनाव बोर्ड खोज्नुहोस्
  - www.elections.ny.gov/VotingAbsentee.html मा अनुपस्थित मतदानको बारेमा थप जान्नुहोस्।
  - नोभेम्बर 8 सम्म आफूले भरेको मतपत्र पोस्टमार्क वा डेलिभर भएको कुरा सुनिश्चित गर्नुहोस्।
- तपाईंले अक्टोबर 29 देखि नोभेम्बर 6 सम्म, वा चुनावको दिन, नोभेम्बर 8 मा सम्म व्यक्तिगत रूपमा मतदान गर्न सक्नुहुन्छ।
  - voterlookup.elections.ny.gov मा आफ्नो मतदान साइट पत्ता लगाउनुहोस्
  - NYC निवासीहरू: findmypollsite.vote.nyc
- मतपत्रमा कार्यालयहरूमा समावेश छन्:
  - कंग्रेस: अमेरिकी सिनेट, अमेरिकी सदन
  - NYS : राज्यपाल र लेफ्टिनेन्ट गभर्नर, महान्यायाधिवक्ता, नियन्त्रक, राज्यको सिनेट, राज्य सभा, राज्यको सर्वोच्च अदालत
  - स्थानीय: केही काउन्टी र न्यायिक कार्यालयहरू
    - बफेलो शहरका मतदाताहरूले यो आम निर्वाचनमा स्कूल बोर्ड सदस्यहरू निर्वाचित गर्नेछन् ।
- मतपत्र प्रस्तावहरू
  - राज्यव्यापी मतदाताहरूले वातावरणीय परियोजनाहरूमा लगानी गर्न राज्यको धितोपत्रहरू बेच्ने अनुमति दिने प्रस्तावमा निर्णय गर्नेछन्।
    - पूर्ण पाठ www.elections.ny.gov/2022BallotProposal.html मा उपलब्ध छ।
- न्यूयोर्क शहरका मतदाताहरूले NYC जातीय न्याय आयोगको तीनवटा प्रस्तावहरू: NYC वडापत्रमा मूल्यहरूको विवरण थप्न, जातीय समानताको कार्यालय सृजना गर्न, र जीवनको वास्तविक लागत मापन गर्नको लागि मतदान गर्न सक्नेछन्। यी मतपत्र प्रश्नहरूमा मतदान गर्न आफ्नो मतपत्रहरू पल्टाउन नबिर्सनुहोस्।
- तपाईंले प्रस्तावहरू racialjustice.cityofnewyork.us/ballot मा पढ्न सक्नुहुन्छ र थप जानकारी nycvotes.org/proposals मा पाउन सक्नुहुन्छ।



**चुनावहरूमा तपाईंको अधिकारहरू**

- मतदाताहरू न्यूयोर्क सिटीमा बाहेक आफू बसोबास गर्ने र मतदाताहरूलाई एउटा प्रारम्भिक मतदान साइटमा ठेगानाबाट निर्दिष्ट गरिने काउण्टीमा रहेको कुनै पनि प्रारम्भिक मतदान केन्द्रहरूमा उहाँहरू जान सक्नुहुन्छ।
- यदि तपाईं आफू मतदानको लागि योग्य हुनुहुन्छ भन्ने विश्वास गर्नुहुन्छ र मतदानको लागि समयमै दर्ता गर्नुभएको छ, तर तपाईंको नाम मतदाता नामावलीमा फेला पार्न नसकिएमा, तपाईंले अस्थायी वा शपथपत्रको लागि अनुरोध गर्न सक्नुहुन्छ।
- तपाईं पहिलो पटक मतदाता भएतापनि तपाईंसँग पोलहरूमा उपस्थित आइडी हुँदैन।
- तपाईं घरबारविहीनता अनुभव गर्दै हुनुहुन्छ भने तपाईं अझैपनि मतदान गर्न सक्नुहुन्छ।
- केही परिस्थितिहरूमा, तपाईंलाई अपराधि मानिएको छ भने तपाईं अझैपनि मतदान गर्न योग्य हुन सक्नुहुन्छ।
- थप योग्यता आवश्यकताहरूको लागि: nycvotes.org/how-to-vote/voting-rights
- न्यूयोर्क राज्यमा केही कर्मचारीहरू मतदान गर्नको लागि दुई घण्टासम्म सशुल्क समयको बिदा पाउन योग्य छन्। तपाईं योग्य हुनुहुन्छ कि भनेर हेर्नको लागि जाँच गर्नुहोस् : www.elections.ny.gov/NYSBOE/elections/TimeOffToVoteFAQ.pdf

# अर्थव्यवस्था

**न्यूयोर्क राज्य बीज कोष अनुदान कार्यक्रम**

- न्यूयोर्क राज्य बीज कोष अनुदान कार्यक्रमले प्रारम्भिक चरणका साना व्यवसायहरूलाई न्यूयोर्क राज्यको अर्थतन्त्र पुन: प्राप्तिमा सफल हुन सहयोग प्रदान गर्दछ।
- अनुदानको रकम $5,000 देखि $25,000 सम्म छ।
- योग्यता :
  - स्वतन्त्र कलाका ठेकेदारहरू सहित हालको सम्भाव्य सूक्ष्म-व्यवसाय, साना व्यवसाय, वा नाफाको लागि कला र सांस्कृतिक संस्था भएको।
  - सेप्टेम्बर 1, 2018 वा त्यसपछि व्यवसाय शुरु गरेको र आवेदन पेश गर्नु अघि कम्तीमा छ महिनाको लागि सञ्चालन गरेको।
  - प्रति व्यवसाय एउटा मात्र EIN वा SSN अनुदानको अनुमति छ
  - न्यूयोर्क राज्य COVID-19 महामारी साना व्यवसाय पुन: प्राप्ति अनुदान कार्यक्रम अन्तर्गत व्यवसाय सहयोगको लागि योग्य नभएको।
- योग्यता, कागजातका आवश्यकताहरू, र योग्यताको लागतहरूको बारेमा थप जानकारीको लागि, र आवेदन दिनको लागि, nyseedgrant.com मा जानुहोस्। आवेदन गाइडहरू विभिन्न भाषाहरूमा उपलब्ध छन्।

**खेतीपाती गर्ने कामदारको ओभरटाइम थ्रेसहोल्ड घटाइनुपर्ने**

- सेप्टेम्बर 30, 2022 मा न्यूयोर्क राज्य श्रम विभाग (NYSDOL) का आयुक्त रोबर्टा रेर्डनले राज्यको खेतीपातीको ओभरटाइम थ्रेसहोल्ड प्रति हप्ता 60 बाट 40 घण्टामा घटाइने घोषणा गर्नुभयो।
- यो न्यूयोर्क राज्यका खेतीपाती गर्ने कामदारहरूको लागि ऐतिहासिक जीत हो, राज्यका घण्टामा काम गर्ने केही कामदारहरूले मात्र 40 घण्टामा ओभरटाइम अस्वीकार गरे।
- जनवरी 1, 2024 देखि शुरु भइ जनवरी 1, 2032 सम्म परिवर्तन 10 वर्ष भन्दा बढीमा चरणबद्ध हुनेछ।
- कार्यान्वयनमा थप विवरण र अद्यावधिकहरू dol.ny.gov/farm-laborers-wage-board मा पाउन सकिन्छ।

**NYC ट्याक्सी पदक ऋण राहत कार्यक्रम**

- न्यूयोर्क शहरले पदकका मालिकहरूलाई ऋणको पुन: संरचना गर्न, ती ऋणहरूमा मूल धन घटाउन र मासिक भुक्तानीहरू कम गर्नको लागि सहयोग गर्न $65 मिलियन पदक राहत कार्यक्रम (MRP) स्थापना गरेको छ।
- योग्यता :
  - कुनै पनि ऋणदाताबाट 5 वटा पदकहरू सम्म पदकको ऋण धारकहरू
  - मार्च 2021 भन्दा पहिले पदकको स्वामित्व भएको हुनुपर्नेछ
- प्रत्येक ऋणलाई डिफल्ट हुने मामिलामा चालकहरूलाई तिनीहरूको घर र बचत गुमाउनबाट सुरक्षा प्रदान गर्दै व्यक्तिगत ग्यारेन्टी प्रतिस्थापन गरेर, शहरद्वारा ग्यारेन्टी गरिनेछ।
- कार्यक्रमको बारेमा थप जानकारी र बहुभाषी स्रोतहरूको लागि, www1.nyc.gov/site/tlc/about/taxi-medallion-owner-relief-program.page मा जानुहोस्।
- ऋण राहतको लागि आवेदन दिन चाहने चालकहरूले portal.driverresourcecenter.tlc.nyc.gov मा वा driversupport@tlc.nyc.gov मा इमेल गरेर TLC को मालिक/चालक स्रोत केन्द्रसँग नि:शुल्क कानूनी सेवाको अपोइन्टमेन्ट निर्धारण गर्नुपर्छ।
  - तपाईंलाई अपोइन्टमेन्ट निर्धारण गर्नको लागि तपाईंको TLC लाइसेन्स नम्बर, जिप कोड, र तपाईंको सामाजिक सुरक्षा नम्बर वा EIN को अन्तिम पाँच अङ्कहरू चाहिन्छ।
- चालकहरूले न्यूयोर्क ट्याक्सी कामदार एलाइन्सबाट पनि सहयोग लिन सक्छन्। थप जानकारीको लागि 718-706-9892 मा कल गर्नुहोस् वा nytwa.org मा जानुहोस्।



**NYC निजी क्षेत्रमा खोपको आवश्यकता समाप्त हुँदै**

- नोभेम्बर 1, 2022 देखि, न्यूयोर्क शहरले अब उप्रान्त निजी रोजगारदाताहरूले आफ्ना कामदारहरूलाई COVID-19 विरुद्ध खोप लगाउनु पर्ने जनादेश दिनुपर्ने छैन।
- NYC व्यवसायहरूलाई खोप, बुस्टरहरू प्रवर्द्धन गर्न र तिनीहरूको आफ्नै नीतिहरू लागू गर्न प्रोत्साहित गरिन्छ।

# आफ्ना अधिकारहरू थाहा पाउनुहोस्



**समुदायका सदस्यहरू र सहयोगीहरू अध्यागमन र भन्सार प्रवर्तन (ICE), सीमा गस्ती, वा अन्य कानून प्रवर्तनसँग व्यवहार गर्दा आफ्ना अधिकारहरूको बारेमा सचेत हुनुपर्छ।**

**ICE सँग अन्तरक्रिया गर्दै**

- शान्त रहनुहोस्। नदौडनुहोस्। अधिकृतको विरोध वा अवरोध नगर्नुहोस्।
- झूट नबोल्नुहोस् वा झूटा कागजातहरू प्रदान नगर्नुहोस्।
- तपाईंलाई मौन बस्ने अधिकार छ। तपाईंले भन्नु भएको कुनै पनि कुरा तपाईंको विरुद्धमा प्रयोग हुन सक्छ।
- यदि कुनै एजेन्टले तपाईंलाई वा तपाईंको सामानहरू जाँच गर्नको लागि सोधेमा, तपाईंसँग हुँदैन भन्ने अधिकार छ।
    - तर, तपाईंले शारीरिक रूपमा प्रतिरोध गर्न सक्नुहुन्न।
    - प्रहरीले यदि हतियारको शंका गरेमा उनीहरूले तपाईंको लुगामा थपथपाउन सक्छन्।
- यदि तपाईं अमेरिकी नागरिक हुनुहुन्न र अध्यागमन एजेन्टले तपाईंको अध्यागमन कागजातहरूको अनुरोध गरेमा, तपाईंले यदि ती कागजातहरू तपाईंसँग छन् भने देखाउनुपर्छ।
- यदि तपाईंलाई कानून प्रवर्तनद्वारा रोकिएमा, हिरासतमा राखिएमा, वा उत्पीडन गरिएमा, एजेन्ट(हरू) को नाम, नम्बर, र पहिचान हुने अन्य कुनै जानकारी प्राप्त गर्ने प्रयास गर्नुहोस्।
- तपाईं वा समुदायमा अरू कसैले कानून प्रवर्तनसँग अन्तरक्रियाको भिडियो वा अडियो रेकर्डिङ लिन सक्नुहुन्छ। तिनीहरू गएपछि के भयो भनेर पनि तपाईंले लेख्न सक्नुहुन्छ।
- कानून प्रवर्तन अधिकृतहरूले तपाईंको जाति, राष्ट्रिय मूल, धर्म, लिङ्ग, वा जातिको आधारमा कुनै पनि रोक लगाउन, तलासी गर्न, हिरासतमा राख्न वा डिपोट गर्न अवैध छ।

**तपाईले संघीय एजेन्टहरूसँगको अन्तरक्रियालाई आप्रवासी रक्षा परियोजना (IDP) मा रिपोर्ट गर्न सक्नुहुन्छ।**

**IDP ले पक्राउमा परेका, टिकट पाएका, वा अपराधको आरोप लागेका आप्रवासीहरूलाई कानूनी जानकारी र रिफरलहरू पनि प्रदान गर्दछ। 212-725-6422 मा फोन गर्नुहोस् वा info@immdefense.org मा इमेल गर्नुहोस्।**

**निजी स्थानहरू**

- तपाईंको घर र अन्य "निजी स्थानहरू" (जस्तै कार्यस्थलको कर्मचारी-मात्र क्षेत्रहरू) ले सार्वजनिक स्थानहरूले दिन नसक्ने विशेष सुरक्षाहरू दिन्छ। अधिकृतहरूले तपाईंको सहमति भएमा वा उनीहरूले तपाईंलाई न्यायिक वारेन्ट (न्यायाधीशले हस्ताक्षर गरेको) देखाएमा मात्र निजी स्थानहरूमा प्रवेश गर्न सक्छन्।

**संरक्षित क्षेत्रहरू**

- अक्टोबर 27, 2021 मा, गृह सुरक्षा विभाग (Department of Homeland Security) ले एउटा नयाँ नीति जारी गरेको छ जसले "सुरक्षित क्षेत्रहरू" मा वा त्यसको नजिक ICE र CBP प्रवर्तन कार्यहरूलाई प्रतिबन्धित गर्दछ।
- संरक्षित क्षेत्रका उदाहरणहरू समावेश छन्, तर यसमा सीमित छैनन् : स्कूल र अन्य शैक्षिक संस्थाहरू वा समारोहहरू, स्वास्थ्य सेवा सुविधाहरू, पूजा गर्ने स्थानहरू, बच्चाहरू भेला हुने स्थानहरू, सामाजिक सेवाका स्थानहरू, विपद् वा आपतकालीन प्रतिक्रिया केन्द्रहरू, विवाह र अन्त्येष्टि जस्ता समारोहहरू, र परेड र जुलुस जस्ता सार्वजनिक प्रदर्शनहरू।
- न्यूयोर्क राज्यमा, संघीय अध्यागमन एजेन्टहरूले न्यायिक वारेन्ट बिना राज्य, शहर र नगरपालिका अदालतहरूमा त्यहाँ जान वा फर्कने मानिसहरूलाई पक्राउ गर्न सक्दैनन्।

**अध्यागमन ठगीबाट सचेत रहनुहोस्**

- अध्यागमन कानून जटिल छ। कृपया कुनै पनि व्यक्ति वा व्यवसायसँग आफ्नो अवस्थाको बारेमा छलफल गर्दा सावधान रहनुहोस्।
- तपाईंले आफ्नो अवस्थाको बारेमा कानुनी सल्लाहको लागि वकील वा न्याय विभाग (DOJ) को मान्यता प्राप्त प्रतिनिधिसँग मात्र कुरा गर्नुपर्छ।
- "नोटरियो", ट्राभल एजेन्ट, कर तयारीकर्ता, फारम तयारीकर्ता, वा नोटरीबाट कहिल्यै पनि अध्यागमन सहयोग नलिनुहोस्। अमेरिकामा, "नोटरियो" वकील होइन!

**यदि तपाईंलाई आफ्नो मुद्दामा सहयोग चाहिएमा वा सामान्य अध्यागमन प्रश्नहरू भएमा, नयाँ अमेरिकीहरू (New Americans) अफिसको हटलाइन 1-800-566-7636 मा फोन गर्नुहोस्।**

# घृणा अपराधहरू

**हालसालैका महिनाहरूमा, आप्रवासी समुदायका सदस्यहरू विरूद्ध घृणा अपराधका रिपोर्टहरू बढिरहेका छन्।**

**घृणा अपराध भनेको के हो?**

- घृणा अपराध भनेको पक्षपातद्वारा प्रेरित गरिने आक्रमण हो।
- संग्रह वा उनीहरूको जात, राष्ट्रिय मूल, वंश, लिङ्ग, धर्म धार्मिक अभ्यास, उमेर, असक्षमता वा यौन झुकावको कारणले पीडितलाई निशाना बनाएर निर्दिष्ट गरिएको अपराधको सेटमध्ये एउटा अपराध गर्दा वा उक्त प्रकारको संग्रह वा विश्वासको नतिजाको रूपमा त्यस्ता कार्य गर्दा व्यक्तिले घृणा अपराध गर्छ।
- गभर्नर Cuomo ले न्यूयोर्क राज्यभर पक्षपातद्वारा प्रेरित धम्कीहरू, उत्पीडन तथा हिंसाको रिपोर्टहरूका बढावलाई कम गर्नका लागि घृणा अपराधसम्बन्धी कार्य दलको सिर्जना गर्नुभएको छ।
- घृणा अपराधहरू रिपोर्ट गरिसकेपछि, तपाईंको अनुभव, पहिचान र अन्य सम्बन्धी सबै जानकारी गोप्य रहन्छ।

**तपाईंले केही कुरा देख्नुहुन्छ भने वा घृणा अपराधको पीडित हुनुहुन्छ भने, त्यसो बारेमा प्रहरी कहाँ रिपोर्ट गर्नुहोस् र NYS मानव अधिकार विभागलाई कल गर्नुहोस्। 1-888-392-3644 मा कल गर्नुहोस् वा 81336 लाई "HATE" टेक्स्ट गर्नुहोस्।**

**तपाईं वा तपाईंले चिन्नु भएको कुनै व्यक्ति अपराधको शिकार भएमा, NYS पीडित सेवाहरूको कार्यालयले चिकित्सा बिलहरू, परामर्श खर्चहरू, समाधि तथा क्रियाक्रमका लागतहरू, गुमेका ज्यालाहरू र अन्य प्रकारका सहायतामा मद्दत गर्न सक्षम हुनसक्छ। 1-800-247-8035 मा कल गर्नुहोस् वा ovs.ny.gov मा जानुहोस्।**

**NYC का निवासीहरू र वरिपरिका काउण्टीहरूका लागि**

NYC भित्र:

- सार्वजनिक अधिवक्ता
    - 212-669-7250
- Manhattan डिस्ट्रिक्टको वकील
    - 212-335-3100
    - manhattanda.org/victim-resources/hate-crimes
- Brooklyn डिस्ट्रिक्टको वकील
    - 718-250-4949
    - brooklynda.org/hate-crimes-bureau
- Queens डिस्ट्रिक्टको वकील
    - 718-286-6000
- NYC मानव अधिकार आयोग
    - 718-722-3131
    - nyc.gov/cchr
- Safe Horizon पीडित सहायता
    - 1-866-689-4357

NYC बाहिर:

- Nassau काउण्टी डिस्ट्रिक्टको वकील
    - 526-571-3505
    - nassauda.org
- Nassau काउण्टी डिस्ट्रिक्टको वकील, आप्रवासन मामिला कार्यालय
    - 516-571-7756
- Nassau काउण्टी कार्यकारी Laura Curran
    - 516-571-3131
- Suffolk काउण्टी डिस्ट्रिक्टको वकील
    - 631-853-4161
    - suffolkcountyny.gov/da
- Suffolk काउण्टी प्रहरी विभाग, घृणा अपराधहरूको यूनिट
    - 631-852-6323
- Suffolk काउण्टी, अल्पसङ्ख्यक मामिला विभाग
    - 631-853-4738
- Westchester काउण्टी, मानव अधिकार आयोग
    - 914-995-7710
    - humanrights.westchestergov.com



# NYS संसाधनहरू



**नयाँ अमेरिकीहरूका लागि NYS कार्यालय**

- तपाईं वा तपाईंले चिन्नु भएको कुनै व्यक्तिलाई निःशुल्क कानूनी सहायताको आवश्यकता भएमा, हटलाइलाई 1-800-566-7636 मा कल गर्नुहोस्। सबै कलका जानकारी गोपनीय हुन्छन्। 200+ भाषाहरूमा सहायता उपलब्ध छन्।

**NYS स्वास्थ्य विभाग**

- कोभिड-19 माहामारीको बारेमा नवीनतम जाकारीका लागि, हटलाइनलाई 1-888-364-3065 मा कल गर्नुहोस् वा ny.gov/coronavirus मा जानुहोस्।
- न्यूयोर्कमा कोभिड-19 खोपको बारे ny.gov/vaccine मा तथ्यहरू प्राप्त गर्नुहोस्।
- स्वास्थ्य कभरेजको लागि आवेदन दिनुहोस्: 1-855-355-5777 मा nystateofhealth.ny.gov जानुहोस्।

**NYS मानसिक स्वास्थ्य कार्यालय**

- मानसिक स्वास्थ्य सेवाहरूका बारेमा प्रश्नहरूको लागि वा मानसिक स्वास्थ्य सेवा प्रदाय खोज्नका लागि, 1-800-597-8481 मा कल गर्नुहोस् वा omh.ny.gov मा जानुहोस्।
- तपाईंले कोरोनाभाइरस आपतकालीनको कारण व्यग्रता महसुस गर्नुभएको छ भने, 1-844-863-9314 मा सम्पर्क गर्नुहोस्।
- राष्ट्रिय आत्महत्या रोकथाम लाइफलाइन: तपाईं वा अन्य कुनै व्यक्तिको जीवनमा आसन्न खतरामा भएमा, 911 मा कल गर्नुहोस्। तपाईं संकटमा हुनुहुन्छ र तुरुन्तै मद्दतको आवश्यकता परेमा, 1-800-273-8255 मा कल गर्नुहोस् वा 741-741 लाई “GOT5” लेखेर टेक्स्ट गर्नुहोस्।
- घरेलु हिंसा: सम्बन्धमा हुने तपाईं वा अन्य कोहीलाई अर्को व्यक्तिद्वारा मौखिक, शारीरिक वा मौन दुर्व्यवहार वा अन्य रणनीतिमार्फत नियन्त्रित गरिएको छ भने, NYS घरेलु हिंसा हटलाइनलाई 1-800-942-6906 मा कल गर्नुहोस्।

**NYS श्रम विभाग**

- श्रम विभाग कामदारहरूको सुरक्षा तथा स्वास्थ्य, ज्याला र कार्यको अवस्थाहरूको सुरक्षा गर्न र प्रवर्द्धन गर्न प्रतिबद्ध छ।
- ज्याला तथा काम गर्ने समयसम्बन्धी कानून, कार्यस्थलको स्वास्थ्य तथा सुरक्षाको बारेमा जानकारीका लागि वा उजुरी दायर गर्नका लागि, 1-888-469-7365 मा कल गर्नुहोस् वा dol.ny.gov/safety-and-health मा जानुहोस्।
- बेरोजगारी बीमामा मद्दतका लागि, 1-888-209-8124 मा कल गर्नुहोस् वा dol.ny.gov/unemployment/unemployment-insurance-assistance.

**NYS मानव अधिकार विभाग**

- न्यूयोर्कमा मानव अधिकार कानूनले रोजगार, आवास, ऋण, शिक्षा जस्ता क्षेत्रहरूमा र सार्वजनिक आवासहरूको स्थान, उमेर, जात, राष्ट्रिय मूल, यौन, यौन झुकाव, लिङ पहिचान वा हावभाव, वैवाहिक स्थिति, असक्षमता, मिलिटरी स्थिति र अन्य कक्षाहरूमा भेदभावलाई निषेध गर्छ।
- तपाईंलाई भेदभाव गरिएको छ जस्तो महसुस हुन्छ भने, 1-888-392-3644 उजुरी दायर गर्नुहोस् वा dhr.ny.gov मा जानुहोस्।

**न्यूयोर्क सिटी कोभिड-19 संसाधनहरू**

- सेवा प्रदायकहरू वा अन्य संसाधनहरू खोजिरहनुभएका NYC का निवासीहरूले निर्देशिकाहरू तल फेला पार्न सक्नुहुन्छ:
  - शिक्षा: nyic.org/covid-education-resources
  - रोजगारी: nyic.org/covid-employment-resources
  - आर्थिक: nyic.org/covid-financial-resources
  - खाद्यान्न: nyic.org/covid-food-resources
  - स्वास्थ्यस्याहार: nyic.org/covid-healthcare-resources
  - साना व्यवसाय: nyic.org/covid-small-business-resources

यो कागजातलाई अनलाईन वा अन्य भाषाहरूमा हेर्नको लागि,
nyic.org/KYR मा जानुहोस् वा यो कोडलाई स्क्यान गर्नुहोस्:

तपाईंसँग यस टुलकिटको बारेमा प्रश्न वा टिप्पणीहरू भएमा वा यसको बारेमा जानकारी भएमा, कृपया निम्नमा सम्पर्क गर्नुहोस्:
Jennifer Diaz – jdiaz@nyic.org (NYC)
Bryan Lee – blee@nyic.org (Upstate NY)

न्यूयोर्क इमिग्रेशन कोलिसन (NYIC) भनेको न्यूयोर्कभरको 200 भन्दा बढी आप्रवासी र शरणार्थीको अधिकार समूहहरूलाई प्रस्तुत गर्ने अम्ब्रेला नीति र वकालत संगठन हो।

हामी न्यू योर्क राज्य बलियो भएको कल्पना गर्छौं किनभने सबै मानिसलाई स्वागत,निष्पक्ष रूपमा उपचार, र उहाँहरूको सपनाहरू अनुसरण गर्ने मौका दिइयो। हाम्रो उद्देश्य भनेको आप्रवासी, सदस्य र सहयोगीहरूलाई एकताबद्ध गराउनु हो जसकारण सबै न्यूयोर्कवासीहरू सफल हुन सक्छन्।

NYIC 35 YEARS OF BUILDING IMMIGRANT POWER

**New York Immigration Coalition**
131 W 33rd St, Ste 610
New York, NY 10001
212 627 2227
nyic.org